विधागत (बिट) पत्रकारिता लेखन बृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

<u>प्रस्तावना</u>: पत्रकारिता क्षेत्रलाई थप खोजमुलक र उद्देश्यमुलक बनाउन बिधागत (बिट) पत्रकारितालाई प्रोत्साहन गर्न र पत्रकारिताको गुणस्तर विकास गर्दै सकारात्मक प्रभावलाई विस्तार गर्न सम्बन्धित विषयमा पत्रकारिता क्षेत्रकै अग्रज वा विशेषज्ञता हासिल गरेका पत्रकार तथा स्रोत व्यक्तिहरुलाई लेख्न लगाई पुस्तकका रूपमा प्रकाशनयोग्य सामग्री तयार गर्न सञ्चार रजिष्ट्रारको कार्यालयको २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रममा रहेको बिधागत (बिट) पत्रकारिता लेखन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) को अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यवधि बनाएको छ।

१. <u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u>: (१) यस कार्यविधिको नाम "बिधागत (बिट) पत्रकारिता लेखन बृत्ति कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले बागमती प्रदेश सरकार, सञ्चार रजिष्ट्रारको कार्यालय सम्झनु पर्दछ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्दछ।

(ग) "प्रकाशन सामग्री" भन्नाले बिधागत (बिट) पत्रकारिता सम्बन्धी पुस्तक खण्डका रूपमा प्रकाशन गरिने लेखजन्य पाठ्य सामग्रीलाई सम्झनु पर्दछ।

(घ) "पत्रकार" भन्नाले बिधागत (बिट) पत्रकारिता सम्बन्धी लेखजन्य पाठ्य सामग्री तयार गर्ने पत्रकार तथा स्रोतव्यक्तिलाई सम्झनु पर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्दछ।

(च) "बिधागत पत्रकारिता लेखनबृत्ति" भन्नाले तोकिएका विषयहरुमा बिधागत (बिट) पत्रकारिता गर्ने विधि सिकाउने उद्देश्यले पुस्तक खण्डका रूपमा प्रकाशन गर्ने गरी तयार गरिएको लेखजन्य पाठयसामग्री तयार गरे वापत प्रदान गरिने नगद पारिश्रमिक रकम सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिमको छनौट समिति सम्झनु पर्दछ।



गंगानारायण श्रेष्ठ
मन्त्री

३. <u>आवेदन आव्हान र आवेदन सम्बन्धी व्यवस्थाः</u> (१) कार्यालयले विधागत (विट) पत्रकारिता लेखनबृत्तिका लागि कार्यालयको वेवसाईट वा पत्रपत्रिकामा आवेदन आव्हान गर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन आव्हान भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित बिधा (बिट) मा कम्तिमा दश वर्ष काम गरेको अनुभवी पत्रकारले अनुसूची- १ बमोजिम कार्यालयको वेवसाइटमा रहेको फाराम भरेर प्रस्ताव पठाउनु पर्नेछ।

४. <u>छनौट समितिः</u> (१) दफा ३ बमोजिम प्राप्त आवेदनहरु मध्येबाट दफा ५ बमोजिम निर्धारित आधारमा विधागत (बिट) पत्रकारिता लेखनबृत्ति प्रदान गर्न देहाय बमोजिमको छनौट समिति रहनेछः

| | |
|---|---|
| (क) सञ्चार रजिष्ट्रार | -संयोजक |
| (ख) कानून अधिकृत, मन्त्रालय | -सदस्य |
| (ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ, प्रदेश समिति | -सदस्य |
| (घ) प्रतिनिधि, प्रसारण तथा सूचना शाखा, कार्यालय | -सदस्य |
| (ङ) अधिकृत, प्रशासन शाखा, कार्यालय | -सदस्य-सचिव |

(२) छनौटको क्रममा उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

५. <u>छनौटका आधारः</u> (१) समितिले अनुसूची- २ बमोजिमका विषयमा केन्द्रित रहेर आवेदनको छनौट गर्नेछ।

(२) लेखन सामग्री तयार पार्ने पत्रकारको छनौट गर्दा सम्बन्धित बिटमा हासिल गरेको अनुभव र सम्बन्धित विषय प्रतिको ज्ञानलाई आधार बनाइनेछ।

(३) पत्रकारितालाई मूल पेशा बनाई निरन्तर १० बर्ष भन्दा बढी सम्बन्धित बिटमा काम गर्नेलाई प्राथमिकता दिइनेछ।

६. <u>छनौट समितिको काम, कर्तव्य र अधिकारः</u> (१) दफा ३ बमोजिमको आवेदनमा दफा ५ को आधारमा समितिले आवेदन लिने अन्तिम मितिले पन्ध्र (१५) दिनभित्र तोकिएका विषयहरुमा बिधागत पत्रकारिता गर्ने विधि सिकाउने उद्देश्यले तयार गरिएको लेखजन्य सामग्रीको प्रस्ताव छनौट गर्नेछ।

(२) दफा ८ बमोजिमको मापदण्डको पालना भए नभएको ख्याल गर्ने र नगरेको भए गर्न/गराउन निर्देशन दिन सक्नेछ।

(३) परामर्शदाता सम्पादकको सिफारिस, प्रस्तावको सान्दर्भिकता, आवश्यकता र औचित्यतालाई आधार बनाएर छनौट गरिनेछ।



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(४) समितिले बिधागत पत्रकारिता लेखनवृत्तिबाट प्राप्त सामग्रीहरुको प्रकाशनको अन्तिम निर्णय गर्नेछ।

७. <u>परामर्शदाता सम्पादकको नियुक्तिः</u> (१) बिधागत पत्रकारिता लेखनवृत्तिलाई प्रभावकारी, औचित्यपूर्ण र गुणस्तरिय बनाउन सहयोग पुग्ने गरी कार्यालयले एक परामर्शदाता सम्पादक नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्शदाता सम्पादक नियुक्त हुँदा देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरीक,

(ख) पैंतिस वर्ष पुरा भई साठी वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरहको योग्यता हासिल गरेको,

(घ) नेपाली भाषामा विज्ञता भएको,

(ङ) रेडियो/पत्रिका/टेलिभिजनमा कुनै एउटा क्षेत्र वा तीनवटै क्षेत्रमा कम्तिमा बीस वर्ष निरन्तर पत्रकारीताको अनुभव भएको,

(च) रेडियो/पत्रिका/टेलिभिजनमा कुनै एउटा क्षेत्र वा तीनवटै क्षेत्रमा सम्पादक वा सो सरहको जिम्मेवारीमा रहि काम गरेको अनुभव भएको।

(३) उपदफा (१) बमोजिम परामर्शदाता सम्पादक नियुक्ति गर्दा उपदफा (२) बमोजिम योग्यता भएको मध्येबाट पत्रकारिता तथा आमसञ्चारसँग सम्बन्धित पुस्तकको लेखन तथा सम्पादनको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ।

(४) परामर्शदाता सम्पादकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) बिधागत पत्रकारिता लेखनबृत्तिका लागि प्राप्त प्रस्तावको प्रारम्भिक छनौट गरी अन्तिम निर्णयका लागि छनौट समितिमा पठाउने,

(ख) बिधागत पत्रकारिता लेखनबृत्तिका लागी छनौट भएका पत्रकारहरुलाई लेखनमा सल्लाह, सुझाब र निर्देशन दिने,

(ग) बिधागत पत्रकारिता लेखनबृत्ति प्राप्त गरेका पत्रकारहरुले पठाएका प्रारम्भिक मस्यौदा माथि टिप्पणी, सुझाब र पृष्ठपोषण प्रदान गर्ने,

(घ) बिधागत पत्रकारिता लेखनबृत्तिप्राप्त गरेका पत्रकारहरुबाट आएका सामग्रीलाई पुस्तककार दिंदा समेत त्यसको सम्पादकको रुपमा जिम्मेवारी बहन गर्ने गरी अन्तिम सम्पादन गरी प्रकाशनको लागी छनौट समितिलाई सिफारिस गर्ने,



मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(ङ) बिधागत पत्रकारिता लेखनबृत्ति सम्बन्धमा समितिले निर्देशन गरेका अन्य कार्यहरु गर्ने।

(५) परामर्शदाता सम्पादकलाई प्रतिलेखन सामग्री सम्पादन वापतको रकम समिति निर्धारण गरे बमोजिम पारिश्रमिक स्वरुप प्रदान गरिनेछ।

८. <u>प्रकाशन तथा प्रसारण सामग्रीको मापदण्डः</u> तोकिएका विषयहरुमा बिधागत पत्रकारिता गर्ने विधि सिकाउने उद्देश्यले तयार गरिएको लेखजन्य सामग्रीको मापदण्ड देहाय बमोजिमको हुनेछः-

(क) परामर्शदाता सम्पादकलाई पठाइएको सामाग्रीको लम्बाई तीन हजार देखि पाँच हजार शब्द सम्मको हुनुपर्नेछ।

(ख) लेखन सामग्रीमा तथ्यांक, उदाहरणहरु र अनुभवहरु प्रस्तुत गर्न सकिनेछ।

(ग) लेखन सामग्रीको भाषा सरल हुनु पर्नेछ।

(घ) अंग्रेजी शब्दलाई सकेसम्म नेपालीकरण गरेको हुनु पर्नेछ।

(ङ) लेखन सामग्री सम्बन्धित विषय भन्दा वाहिरको सन्दर्भमा जानुहुँदैन।

(च) सम्वन्धित विषयसँग सम्वन्धित विषयमा राष्ट्रिय, प्रादेशिक, स्थानीय वा अन्तर्राष्ट्रिय कानूनलाई सन्दर्भका रूपमा उद्धरण गर्न सकिनेछ।

९. <u>स्क्रिप्ट पेश गर्नुपर्नेः</u> (१) बिधागत पत्रकारिता लेखनबृत्ति प्राप्त गरेका पत्रकारहरुको अन्तिम नामावली प्रकाशन गरेको मितिले ३० (तीस) दिन भित्र लेख्न चाहेको विषयवस्तुको मस्यौदा कम्प्युटर टाइप गरि देवनागिरी लिपिमा कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको स्क्रिप्टलाई कार्यालयले परामर्शदाता सम्पादकसमक्ष पठाउनेछ।

(३) लेखन सामग्री चित्तबुझदो नभएमा सम्बन्धित पत्रकारलाई पुनर्लेखन गर्न लगाउन सक्ने अधिकार परामर्शदाता सम्पादकलाई हुनेछ ।

(४) परामर्शदाता सम्पादकको निर्देशन पालना गर्नु लेखनबृत्ति प्राप्त पत्रकारको कर्तव्य हुनेछ।

१०. <u>लेखन वृत्ति रकम प्रदान गरिनेः</u> (१) परामर्शदाता सम्पादकले सम्पादन गरी समितिले स्वीकृत गरे पश्चात लेखन वृत्ति प्राप्त गरेका पत्रकारलाई करसहितको रकम समितिले निर्धारण गरे बमोजिम सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ।

(२) परामर्शदाता सम्पादकले बिधागत पत्रकारिता हाते पुस्तक प्रकाशनका लागि योग्य हुनेगरी लेखन सामग्री कार्यालय समक्ष बुझाउनु पर्नेछ।

४

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(३) परामर्शदाता सम्पादकले अन्तिम सम्पादन गरी पठाएका सामग्रीलाई कार्यालयले पुस्तक प्रकाशनको डिजाइनमा पठाउनु अगाडि भाषा सम्पादकलाई सम्पादन गराउनु पर्नेछ।

११. <u>सामग्री निर्माणका विषयहरुः</u> (१) लेखन वृत्ति प्राप्त गर्ने प्रयोजनका लागि तयार गरिने विषयगत समूह अनूसूची- २ बमोजिम हुनेछन्।

(२) उपदफा (१) मा उल्लेख भएको विषय बाहेक अन्य सान्दर्भिक विषयमा पनि सामाग्री निर्माण गर्न कार्यालय समक्ष आवेदन दिन सकिनेछ। उक्त विषय समितिले उपयुक्त ठानेमा लेखन वृति दिन सकिनेछ।

१२. <u>लेखन वृत्ति रकमका लागि बजेट व्यवस्थाः</u> (१) लेखन वृत्ति रकमका लागि आवश्यक पर्ने बजेट कार्यालयको लागि विनियोजित वार्षिक बजेटबाट व्यवस्था गरिनेछ।

(२) समितिले उपदफा (१) बमोजिमको बजेट देहाय बमोजिम बाँडफाँट गर्नेछः-

(क) लेखनबृत्तिमा -५६%

(ख) संयोजन तथा सम्पादन -१६%

(ग) डिजाईन तथा प्रकाशन -२०%

(घ) प्रशासनिक खर्च -८%

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

अनुसूची- १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

फोटो

<u>बिट पत्रकारिता लेखन बृत्तिका लागि दिने निवेदनको ढाँचा</u>

श्री सञ्चार रजिष्ट्रारको कार्यालय
बागमती प्रदेश नेपाल।

सञ्चार रजिष्ट्रार कार्यालयबाट प्रकाशित सूचना बमोजिम देहाय बमोजिमको विषयमा लेख्न इच्छुक भएकोले आफूले औपचारिक तथा अनौपचारिक अध्ययनबाट आर्जन गरेको ज्ञान र सीप अरुमा हस्तान्तरण गर्ने गरी लेखन सामग्री तयार गर्न यो निवेदन पेश गरेको छु।

१) लेख्न चाहने व्यक्तिको नाम सम्बद्ध संस्था तथा पदः
२) कार्यरत जिल्ला र पालिकाको ठेगानाः
३) शैक्षिक योग्यताः
४) बिभिन्न सञ्चार संस्थामा काम गरेको अनुभव (संस्था तथा पद):
५) लेख्न चाहेको विषयः
६) लेखनका लागि प्रयोग हुने सन्दर्भ सामग्री वा गरिने कुराकानीः
७) लेखन सामग्रीले पार्न सक्ने प्रभावः
८) लेखन सामग्रीमा रोचक तथ्य, अनुभव र उदाहरण समावेश गर्न सकिने वा नसकिनेः
९) तोकिएको समय सीमाभित्र लेख्न सकिने वा नसकिनेः
१०) ईमेल र मोबाईल नं.:

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

.....................
हस्ताक्षर

## अनुसूची- २

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

<u>लेखनबृत्ति प्राप्त गर्ने प्रयोजनका लागि तयार गरिने विषयको समूह</u>

१ प्रादेशिक मामिला

२ कानून तथा अदालत

३ राजनीतिक दल मामिला

४ संसदीय मामिला (संघीय, प्रादेशिक, स्थानीय)

५ परराष्ट्र तथा कुटनीतिक मामिला

६ दुरसञ्चार तथा साइबर स्पेश मामिला

७ परम्परागत आदिवासी ज्ञान मामिला

८ कर्मचारी प्रशासन मामिला

९ स्वास्थ्य मामिला

१० शिक्षा मामिला

११ वन तथा वातावरण मामिला

१२ आन्तरिक सुरक्षा र अपराध मामिला

१३ किसान र कृषि मामिला

१४ संस्कृति तथा पर्यटन मामिला

१५ युवा तथा खेलकुद मामिला

१६ विकास र स्थानीय सरकार मामिला

१७ निर्वाचन मामिला (राजनीतिक दल तथा संघ संगठनका निर्वाचन)

१८ सुशासन मामिला

१९ उर्जा र जलस्रोत मामिला

२० युवा तथा उद्यमशिलता

२१ उपभोक्ता हित र व्यापार मामिला

२२ महिला तथा बालबालिका मामिला

२३ शेयर बजार मामिला

२४ जेष्ठ नागरिक र सामाजिक सुरक्षा मामिला

२५ अर्थतन्त्र तथा आर्थिक मामिला

२६ राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा मामिला

२७ प्राकृतिक विपत्ति मामिला

२८ सडक र यातायात मामिला

२९ सहकारी मामिला

३० विज्ञान तथा प्रविधि मामिला

३१ द्वन्द संवेदनशील वा शान्ति पत्रकारिता

३२ मनोरञ्जन (चलचित्र, नाटक, चित्रकला, मुर्ति कला आदि) मामिला

३३ पर्यटन मामिला

३४ श्रम तथा बैदेशिक रोजगार मामिला

३५ प्रत्यक्ष बैदेशिक लगानी तथा ठूला अयोजना सम्बन्धी मामिला

३६ मुद्रा तथा बजेट मामिला

३७ अन्तर्राष्ट्रिय व्यापार तथा आन्तरिक बिनिमय मामिला

३८ मानवअधिकार र पत्रकारिता

३९ खोजपत्रकारिता

४० समाचारमुलक फिचर लेखन शैली

४१ नागरिकमुखी पत्रकारिता

४२ सञ्चार माध्यम व्यवस्थापन

<u>दृष्टव्यः</u> माथिका विषयमा लेखनबृत्ति सम्बन्धि सामग्री पेश गर्दा छनौटमा प्राथमिकता दिइनेछ।

मा. गंगानारायण श्रेष्ठ
मन्त्री